बलेफी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल(Bagamati Province, Nepal)


पत्र संख्याः २०८२/८३

सूचना नं: ६४

## अनुदानको युरिया मलको कोटा तोकिएको सूचना!!!

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०९/२१ गते)

नेपाल संवत् ११४५

प्रस्तुत विषयमा कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकको मिति २०८२/०९/१४ गतेको पत्रमा प्राप्त भएको अनुदानको मलको कोटा बलेफी गाउँपालिकाको स्थानीय तह मल वितरण व्यवस्थापन समितिको मिति २०८२/०९/२० गतेको बैठकको निर्णयानुसार, तपसिलका सहकारी तथा संस्थाहरूलाई वितरण गरिएको र उक्त मलको कृषि विकास शाखाबाट सिफारिस पत्र बुझी सूचना प्रकाशन मितिले ७ दिन भित्र खरिद गरी तोकिएको कार्यक्षेत्रमा तोकिएको दररेटमा बिक्री गरेर बिक्रीवितरणको कारोबार विवरण, तोकिएको ढाँचामा स्टक प्रमाणित गर्नुहुन अनुरोध छ, यदि ७ दिनभित्र तोकिएको उक्त कोटाको मल नल्याउने सम्बन्धित बिक्रेताको कोटाको मल अन्य सहकारीहरूलाई वितरण गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ। साथै "अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२" को दफा २७ बमोजिमको स्थानीय तह मल वितरण व्यवस्थापन समिति को मिति २०८२/०९/१७ को निर्णय अनुसार वडा नं ८ कार्यक्षेत्र पर्ने गरि श्री ब्रम्मायणी साना किसान कृषि सहकारी संस्था लि. लाई कार्यक्षेत्र तोकिएको व्यहोरा जानकारी गराइन्छ।

तपशिल:-

| क्र.सं | सहकारीको नाम | कार्यक्षेत्र | युरिया मलको कोटा |
|---|---|---|---|
| १. | श्री फुल्पिङडाँडा बहुउद्देशीय सहकारी संस्था लि. | बलेफी ५ | २५ बोरा |
| २. | श्री ब्रम्मायणी साना किसान कृषि सहकारी संस्था लि. | बलेफी २,३,८ | १५० बोरा |
| ३. | श्री जयमा काली कृषि सहकारी संस्था लि. | बलेफी १ | २५ बोरा |
| ४. | श्री ब्रम्हायणी बचत तथा ऋण सहकारी संस्था लि. | बलेफी १ | २५ बोरा |
| ५. | श्री मेलडाडाँ कृषि सहकारी संस्था लि. | बलेफी ४ | २५ बोरा |
| ६. | श्री बिन्ज्याल दुग्ध उत्पादक सहकारी संस्था लि. | बलेफी ४,५ | ५० बोरा |
| ७. | श्री ग्रिनलाइन बहुउद्देशीय सहकारी संस्था लि. | बलेफी ६,७ | १०० बोरा |
| जम्मा | | | ४०० बोरा |

(होम बहादुर राउत)

प्रमुख प्रशासकीय अधिकृत